नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग

# महाकाली सिंचाई आयोजना तेस्रो चरण

महेन्द्रनगर, कञ्चनपुर

**सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने बिवरण**

**आ.व. २०८१।०८२ दोश्रो त्रैमासिक(कार्तिक-पौष)**

१) निकायको स्वरुप र प्रकृति

महाकाली सिंचाइ आयोजना तेस्रो चरण, महेन्द्रनगर केन्द्रीय संरचना अन्तर्गत रहेको आयोजना हो ।नेपाल सरकार तथा भारत सरकार बिच सन् १९९६ को एकीकृत महाकाली सन्धि अनुसार महाकाली नदीमा निर्मित टनकपुर ब्यारेजबाट प्राप्त पानी नेपालको कञ्चनपुर र कैलाली जिल्लाको करिब ३३,५२० हेक्टर जमिनमा बर्षैभरी सिंचाइ सुबिधाको लागि उपयोग गर्ने गरि यस आयोजना बाट टनकपुर मुल नहरको निर्माण कार्य भइरहेको छ। टनकपुर ब्यारेजबाट नेपालतर्फ पानि सप्लाइको लागि भारतीय भुमिमा पर्ने १२०० मिटर नहर निर्माणको काम भारतीय पक्षबाट सम्पन्न भइसकेको छ र सो पश्चात प्राप्त हुन सक्ने पानीलाइ किसानको खेतमा पुर्याइ सदुपयोग गर्नको लागि नहर तथा संरचना निर्माणको कार्य दृत गतिमा अगाडि बढिरहेको छ ।

२) निकायको काम, कर्तव्य र अधिकार

- महाकाली सिंचाइ आयोजना तेस्रो चरण अन्तर्गत बिभिन्न योजनाहरु निर्माण तथा संचालनको लागि आवश्यक कार्यहरु गर्ने ।
- कमाण्ड क्षेत्रको संरक्षण तथा वचावटको लागि संरचनाहरु निर्माण गर्ने ।
- योजनाहरुको निर्माण तथा दीगो व्यावस्थापनको लागि आवश्यक सम्भाव्यता तथा विस्तृत अध्ययन कार्य गर्ने गराउने ।
- सार्वजनिक खरीद ऐन तथा नियमावली वमोजिम आवश्यक प्रकृया पुरा गरी खरिद कार्यहरु गर्ने ।
- योजना क्षेत्र भित्रका उपभोक्ताहरुले योजना संचालनको लागि प्राविधिक सहयोग माग गरेमा वा आबश्यकता अनुसार प्राविधिक सेवा उपलव्ध गराउने ।
- जल उपभोक्ता संस्थाहरुको संस्थागत विकासको लागि आवश्यक कार्यहरु गर्ने गराउने

३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

जिल्ला भरिका गरि जम्मा कर्मचारी संख्या (कार्यरत)

- स्थायी तर्फ २२ जना
- करार तर्फ २१ जना

४) निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

# नागरिक वडापत्र

| सि.न. | लागु भएका कार्यक्रम | कार्य विवरण | कार्यक्रमको प्रकृति | उपलब्ध हुने सेवा तथा सम्पादन गरिने कामको विवरण | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने विवरण | दस्तुर | जिम्मेवार कर्मचारी | कार्यरत स्थान | समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सर्भेक्षण गर्ने काम | ब्रहमदेव मालाखेति र दोधरा चाँदनी क्षेत्रमा नहर निर्माण सम्बन्धि कामको सर्भेक्षण गर्ने काम | सर्भेक्षण कार्य गरी डिजाईन, नक्सा तथा लागत अनुमान तयार गर्ने काम | आयोजनाले गर्ने नहर निर्माण कार्य सम्बन्धि सम्पुर्ण विवरण तयार गरी सो सम्बन्धि आवश्यक जानकारी उपलब्ध गराउने सम्बन्धि आवश्यक जानकारी । | माग गर्न चाहेको विवरण सम्बन्धि आवश्यक पर्ने कागजात पेश गर्नु पर्ने । | नियमानुसार | सि.डि.ई./ ईन्जिनियर /सब ईन्जिनियर | गोदावरी, भि.न.पा. र दोधरा चाँदनी न.पा. कञ्चनपुर र कैलाली | माग गर्न चाहेको विवरण तयार पार्दा लाग्ने समय बमोजिम (५ देखि १५ दिन) |
| २ | घर जग्गाको अधिग्रहण क्षतिपुर्ति वितरण गर्ने काम | टनकपुर मूल नहरको रेखाङ्कन क्षेत्र भित्र परेका घर जग्गाको अधिग्रहण तथा क्षतिपुर्ति वितरण गर्ने काम | घर जग्गाको विवरण उपलब्ध गर्ने काम | घर जग्गा विवरणको सूचना उपलब्ध गर्ने तथा गराउने काम मुआब्जा निर्धारण समितिको निर्णय अनुसार | घर जग्गाको लालपुर्जा नक्सापास कागज आदी स्थानिय तहको सिफारिस | नियमानुसार | सि.डि.ई./ ईन्जिनियर /सब ईन्जिनियर | भी.न.पा. बेदकोट शुक्लाफाटाँ न.पा. | माग गर्न चाहेको विवरण तयार पार्दा लाग्ने समय बमोजिम (५ देखि १५ दिन) |
| ३ | नहर निर्माण गर्ने काम | मालाखेति सम्म ब्रहमदेव र दोधरा चाँदनी क्षेत्रमा सिचाई सुविधा उपलब्ध गराउने उद्देश्यका साथ नहर निर्माण गर्ने काम | निमार्ण कार्यको ठेक्का पट्टा गरी नहर निर्माण कार्य गराउने | नहर निर्माण कार्य सम्बन्धि ठेक्का पट्टा तथा अन्य आवश्यक सम्पुर्ण जानकारी उपलब्ध गराउन । | माग गर्न चाहेको विवरण सम्बन्धि आवश्यक पर्ने कागजात पेश गर्नु पर्ने । | नियमानुसार | सि.डि.ई./ ईन्जिनियर /सब ईन्जिनियर | दोधरा चांदनी न.पा. गोदावरी. न.पा. भी.न.पा., बेदकोट न.पा., शुक्लाफाँटा न.पा. कञ्चनपुर, कैलाली | माग गर्न चाहेको विवरण तयार पार्दा लाग्ने समय बमोजिम (५ देखि १५ दिन) |

५) निर्णय गर्ने प्रक्रिया र अधिकारी

- सहभागितात्मक रुपमा आयोजना निर्देशकज्यूबाट निर्णय हुने ।

६) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- फाँटको सेवा प्रवाह संबन्धमा आयोजना निर्देशकले उजुरी सुन्ने र आयोजना निर्देशकको सेवा प्रवाह संबन्धमा जलश्रोत तथा सिंचाइ विभागका महानिर्देशकले उजुरी सुन्ने ।

७) सम्पादन गरेको कामको बिवरणः- (हालसम्मको)

- १०५ हे. जग्गा अधिग्रहण कार्य भएको।
- ३५१.९मी. स्केप क्यानल निर्माण कार्य सम्पन्न भएको।
- ३० कि.मि. मूल नहर निर्माण कार्य सम्पन्न भएको।
- १२ कि.मि. शाखा नहर निर्माण कार्य सम्पन्न भएको।
- २१.५ कि. मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको।
- १६ वटा Canal Syphon निर्माण कार्य सम्पन्न भएको।
- २४ वटा Drain Syphon निर्माण कार्य सम्पन्न भएको।
- २१ वटा HR र ६ वटा CR निर्माण कार्य सम्पन्न भएको।

८) सूचना अधिकारी र प्रमुखको नाम र पद

- सूचना अधिकारी :- सि.डि.ई. श्री यादब बराल
- आयोजना निर्देशकः- डा. श्री योगेन्द्र मिश्र

९) ऐन, नियम, विनियम, निर्देशिकाको सूची

- नेपालको सविधान २०७२
- जलश्रोत ऐन २०४९, जलश्रोत नियमावली २०५०, सिंचाइ नियमावली २०५६
- सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४
- वतावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली
- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- सूचनाको हक सम्बन्धि ऐन, २०६४ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५

१०) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :-

२०८१ कार्तिक देखि पौष मसान्त सम्मको

- जम्मा बजेट निकाशा रु. ३००५८५०००.००
- जम्मा बजेट खर्च रु. ३००५८५०००.००
- हुलाक बचत बैंक तर्फको निक्षेप संकलनः

१‍१) तोकिए बमोजिमका अन्य बिवरणः-

- छैन

१२) सार्वजनिक निकायको वेबसाइट भए सोको बिवरण :-

- mahakaliip.dwri.gov.np

१३) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि बिवरण :-

- यसप्रकारको सहयोग छैन ।

१४) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति :—

- टनकपुर मूलनहरको चे.२८+८०० देखि चे.४८+३००, गुलरिया मुल नहर २९०० मि. तथा मालाखेति मुल नहर ४१०० मि. नहर तथा संरचना निर्माण कार्य
- टनकपुर मूलनहरको चे.०+००० देखि चे.२८+८०० सम्म शाखा नहरहरू निर्माण कार्य
- दोधारा-चाँदनी नगरपालिकामा २ वटा लिफ्ट सिंचाइ योजना निर्माण कार्य
- कमाण्ड क्षेत्र बचावट कार्य

१५) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :—

- छैन ।

१६) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषय :—

- छैन ।

(१७) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको बिवरण :—

- बोलपत्र आह्वान तथा यस प्रकृयासंग सम्वन्धित सूचनाहरु प्रकाशन हुने गरेको ।